नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
आन्तरिक व्यवस्थापन तथा जनशक्ति विकास शाखा

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्या:- ०७०/७१

चलानी नं.:- ३२८

मिति: २०७०।०७।१०

विषय: **निर्णय कार्यान्वयन सम्बन्धी परिपत्र ।**

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR),
श्री जिल्ला विकास समितिको कार्यालय (७५ वटै),
श्री ......................... म.नपा/उप म.नपा/न.पा (५८ वटै)
श्री ........................... समिति/आयोग/प्रतिष्ठान (सबै)

प्रस्तुत विषयमा मन्त्रिपरिषद्का सम्मानीय अध्यक्षज्यूको समुस्पस्थितिमा नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु तथा सचिवज्यूहरुको मिति २०७०/०७/०६ गते भएका बैठकका निर्णयहरु अविलम्ब कार्यान्वयन हुने व्यवस्थाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारको मिति २०७०/०७/०७,च.नं. २०२ को पत्रसाथ देहायमा लेखिएका निर्णयहरु प्राप्त हुन आएकोले सो अनुसार अविलम्व निर्णय कार्यान्वयन गर्नु/गराउनका लागि आदेशानुसार अनुरोध छ ।

निर्णयहरु:

**१. कर्मचारी व्यवस्थापन:**

क. आगामी संविधानसभा निर्वाचन प्रयोजनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद् एवं सचिव बैठकबाट भएका निर्णयहरु तत्काल कार्यान्वयन गर्ने,गराउने ।

ख. निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१) बमोजिम बढुवा भई समायोजन भएका कर्मचारीहरु मध्ये पदस्थापन भई रमाना लिईसकेको भए तत्काल छिटो साधनबाट हाजिर हुन जाने व्यवस्था मिलाउने तथा यसका लागि आवश्यक परेमा सार्वजनिक सूचना समेत जारी गर्ने । रमाना नलिएका समायोजित कर्मचारीहरुको हकमा पदस्थापन गर्ने तर निर्वाचन सम्पन्न भए पश्चात मात्र रमाना हुने व्यवस्था आजैका मिति देखि गर्ने, गराउने ।

ग. सबै मन्त्रालय र केन्द्रिय निकायका सचिवले निर्वाचनसँग सम्बन्धित कार्यको मूल्यांकनलाई सम्पूर्ण कार्यसम्पादनसँग आवद्ध गराउने तथा राम्रो काम गर्ने कर्मचारीको अभिलेख राखी

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्याः-

चलानी नं.:-

पुरस्कृत गर्ने । साथै, निर्वाचन सम्बन्धी कार्यमा लापरवाही गर्ने कर्मचारी उपर कुनै मोलाहिजा नराखी तत्काल विभागीय कारबाही गर्ने तथा सो को आवश्यक प्रचारपसार समेत गर्ने,गराउने ।

**२. आवश्यक सेवा सुचारू राख्ने :**

क. क्षतिग्रस्त सडक, पुलपुलेसा, टेलीफोनका रिपिटर टावर स्टेसन, विद्युत सेवा आपूर्ति लगायतका सेवासँग सम्बन्धित पूर्वाधार एवं उपकरणहरु अविलम्ब मर्मतसंभार गरी गराई सुचारु गर्ने, गराउने व्यवस्था सम्बन्धित मन्त्रालयका सचिवले मिलाउने ।

ख. जिल्ला स्थित सम्पूर्ण कार्यालयहरुका सवारीसाधन, दमकल तथा अस्पतालहरुमा रहेका एम्बुलेन्सहरु सम्बन्धित जिल्लामै रहने व्यवस्था सुनिश्चित गर्ने । साथै मर्मत संभार गर्नु पर्ने सवारीसाधनहरु तत्काल मर्मतसंभार गरी चालू अवस्थामा राख्ने ।

**३. शान्ति सुरक्षा:**

उम्मेद्वार, निर्वाचन स्थल, निर्वाचन सामाग्री, निर्वाचनमा खटिएका कर्मचारी तथा आम मतदाताको सुरक्षा लगायत यससंग सम्बन्धित सम्पूर्ण कार्यहरुमा सबै सुरक्षा निकायहरुलाई समन्वयात्मक ढंगले परिचालन गर्ने व्यवस्था गृह मन्त्रालयले मिलाउने र यस कार्यमा सबै निकायहरुले आवश्यक सहयोग पुर्‍याउने ।

**४. अवाञ्छित क्रियाकलाप नियन्त्रण:**

निर्वाचन अवधिमा सार्वजनिक जग्गा अतिक्रमण तथा बन फडानी जस्ता सार्वजनिक सम्पतिको अतिक्रमण र चोरी, लुटपाट, अपहरण, तस्करी जस्ता क्रियाकलापहरु बढ्न सक्ने भएकोले थप निगरानी तथा सजकता अपनाई त्यस्ता गतिविधीहरु पूर्णरुपमा नियन्त्रण गर्ने, गराउने ।

**५. समन्वय तथा संचार:**

सबै मन्त्रालय/सचिवालय/निकायहरुले मातहतका विभागीय प्रमुखहरुलाई यस सम्बन्धी निर्णय तथा निर्देशनहरु तत्कालै संप्रेषण गर्ने र जिल्लास्थित कार्यालय प्रमुखहरुसँग निरन्तर सम्पर्कमा रही समन्वय र सहजीकरण तथा उपर्युक्त निर्देशन दिने व्यवस्था निर्वाचन सम्पन्न नभए सम्म गर्ने, गराउने ।

२०७०।६।१०

(विश्वराज डोटेल)
उपसचिव